# अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

**बागमती प्रदेश सरकार**

**स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय**

**हेटौंडा, नेपाल**

# अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

**प्रस्तावनाः**

प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुने संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा उतारी शिक्षामा सबैको सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न, सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रुपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्न वाञ्छनीय भएकोले विनियोजन ऐन, २०८३ को दफा ११(२) ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयले यो कार्यविधि तर्जुमा गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनिवार्य शिक्षा" भन्नाले नेपाल सरकारद्वारा तोकिएको उमेर समूहका बालबालिकालाई विद्यालय वा वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्थालाई सम्झनु पर्दछ ।

(ख) "निशुल्क शिक्षा" भन्नाले विद्यालय वा शैक्षिक सस्थाले विद्यार्थी वा अभिभावकवाट ऐन नियमावली बमोजिम कुनैपनी शिर्षकमा कुनैपनी शुल्क असुल नगरी दिइने शिक्षालाई सम्झनु पर्नेछ ।

(ग) "आधारभूत शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा आठसम्मको विद्यालय शिक्षा सम्झनु पर्दछ ।

(घ) "कार्यक्रम" भन्नाले आर्थिक वर्ष २०८३।०८४ मा प्रदेश सरकारको स्रोतबाट निर्देशनालयको लागि स्वीकृत क्रियाकलाप नं २.७.१३.४२ र संघीय सशर्तको स्विकृत वार्षिक कार्यक्रम क्रियाकलाप नं २.७.१३.६७ लाई सम्झनु पर्दछ।

(ङ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ ।

(च) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्दछ ।

(छ) "निर्देशनालय" भन्नाले बागमती प्रदेश सरकार शिक्षा विकास निर्देशनालयलाई सम्झनु पर्दछ ।

(ज) "कार्यालय" भन्नाले बागमती प्रदेश सरकार, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय अन्तर्गतका सामाजिक विकास कार्यालयलाई सम्झनुपर्दछ ।

(झ) "एकाइ" भन्नाले संघिय सरकार अन्तर्गत जिल्लामा रहेका शिक्षा विकास तथा समन्वय एकाइलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## उद्देश्य, शर्त, छनोट प्रक्रिया र मापदण्ड

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तह छनोटका मापदण्ड तयार गर्नु

(ख) अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाका आधारहरु तयार गर्नु,

(ग) तोकिएको उमेर समूहका बालबालिकाहरुलाई विद्यालय वा अन्य वैकल्पिक शैक्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने वातावरण सिर्जना गर्नु।

**४. शर्तः** अनिवार्य तथा निःशुल्क शिक्षा लागु गर्न प्रस्ताव पेस गर्ने स्थानीय तहले देहाय बमोजिमको शर्तहरु पालना गर्नुपर्नेछः-

(क) चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई प्रत्येक स्थानीय तह मार्फत आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा प्रदान गर्ने प्रयोजनार्थ सम्बन्धित स्थानीय तहले आफ्नो क्षेत्रभित्र देहायको विवरण खुलाई अनुसूचि १ को ढाँचामा प्रस्ताव पेस गर्नुपर्नेछः-

- निरक्षर नागरिक
- विद्यालय विचैमा छोडेका विद्यालय वाहिर रहेका वालवालिका

- अपाङ्गताको प्रकृति अनुसार अपाङ्गता भएका बालबालिका

(ख) सम्बन्धित गाउँ/नगर शिक्षा समितिको निर्णय

(ग) चालू आ.व. भित्र नै अनिवार्य तथा निःशुल्क शिक्षा लागू भएको स्थानीय तह घोषणा गर्ने सम्बन्धित स्थानीय तहको प्रतिबद्धता सहितको निर्णय

(घ) अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा सम्बन्धी प्रस्तावित कार्यक्रमको क्षेत्र अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनुपर्नेछ,

(ङ) प्रस्तावित कार्यक्रम, बजेट तथा कार्ययोजना सहित तोकिएको ढाँचामा आवेदन दिनुपर्नेछ ।

**५. छनोट प्रक्रियाः** (१) दफा ४ बमोजिमका शर्त पूरा गरेका स्थानीय तहलाई अनिवार्य तथा निःशुल्क शिक्षा घोषणासम्बन्धी अनुदानका लागि छनोट गर्दा देहायका प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) दफा ४ बमोजिमका शर्त पूरा गरेका स्थानीय तहहरूले अनुदानका लागि अनुसूची -१ मा तोकिएको ढाँचा र कागजातहरू संलग्न गरी आवेदन पेस गर्न निर्देशनालयले कम्तीमा १५ दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा र निर्देशनालयको वेबसाइटमा प्रकाशित गर्ने,

(ख) दफा ५ (क) वमोजिम प्रकाशित सूचना वमोजिम स्थानीय तहले तोकिएको ढाँचा वमोजिम प्रस्ताव तयार गरी शिक्षा विकास निर्देशनालय, बागमती प्रदेशमा वा सम्वन्धित स्थानीय तह सेवा क्षेत्र भित्रको सामाजिक विकास कार्यालयमा प्रस्ताव पेश गर्न सक्ने ।

(ग) खण्ड (ख) बमोजिम प्राप्त प्रस्तावनाको अध्ययन तथा मूल्याङ्कन गरी दफा ४ बमोजिमका शर्त पूरा गरेका स्थानीय तहमध्ये दफा ७ बमोजिमको मापदण्ड अनुसार योग्यता क्रममा क्रमश सबैभन्दा बढी अङ्क प्राप्त गर्ने स्थानीय तहवाट क्रमश घट्दो अंङक प्राप्त गर्ने स्थानीय तहहरु छनोट गर्ने,

(घ) दुई वा दुईभन्दा बढी स्थानीय तहको अङ्क बराबर भएमा कम खुद भर्ना दर (NER) भएको स्थानीय तहलाई छनोट गर्ने ।

**६. स्थानीय तह छनोट समितिः** (१) यस समितिमा निम्नानुसारका पदाधिकारीहरू रहने छन्:-

(क) महानिर्देशक, शिक्षा विकास निर्देशनालय — संयोजक

(ख) प्रमुख, योजना तथा शिक्षा विकास महाशाखा, मन्त्रालय — सदस्य

(ग) निर्देशनालय रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय एकाई प्रमुख — सदस्य

(घ) निर्देशनालय रहेको स्थानीय तहको शिक्षा महाशाखा/शाखा प्रमुख — सदस्य

(ङ) निर्देशनालयको योजना हेर्ने महाशाखाको निर्देशक/अधिकृत सदस्य-सचिव

(२) समितिले आवश्यकतानुसार सम्बन्धित विषयको विज्ञ व्यक्ति सहित वढिमा ३ जनालाई आमन्त्रण गर्न सक्नेछ ।

(३) बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) दफा ५ बमोजिम कार्यक्रम कार्यान्वयनका लागि सूचना आह्वान गर्ने,

(ख) दफा ७ बमोजिम मापदण्डको आधारमा स्थानीय तह छनोट गरी अनुदान प्रदान गर्नको लागि निर्देशनालय समक्ष सिफारिस गर्ने ।

**७. छनोटका मापदण्डहरूः** (१) अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा सम्बन्धी प्रस्ताव पेस गर्ने स्थानीय तह छनोट गर्दा तपसिलका मापदण्डका आधारमा छनोट गरिनेछः-

(क) आधारभूत तह (कक्षा १-८) :२० अङ्क

१. स्थानीय तहको कक्षा १-८ को खुद भर्ना दर ९८ वा सो भन्दा कम भएमा -२० अङ्क

२. स्थानीय तहको कक्षा १-८ को खुद भर्ना दर ९८ भन्दा माथि भएमा -१० अङ्क

(ख) भौगोलिक क्षेत्र : २० अङ्क

१. गाउँपालिका भएमा - २० अङ्क

२. नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका भएमा - १५ अङ्क

(ग) लागत साझेदारी गर्ने गरी प्रस्ताव भएमा- १० पूर्णाङ्क

१. साझेदारी गर्ने रकम समेत उल्लेख गरी प्रस्ताव गरेमा -१० अङ्क

२. कार्यक्रम कार्यान्वयन गर्ने गरी मात्र प्रस्ताव गरेमा - ५ अङ्क

**८. कार्यक्रमको सम्झौता एवम् अनुदान निकासाः** (१) दफा ७ बमोजिमको मापदण्ड पुरा गरी दफा ६ बमोजिमको समितिबाट छनोटका लागि सिफारिस भएका सम्बन्धित स्थानीय तह र शिक्षा विकास निर्देशनालयबीच अनुसूची- ३ बमोजिमको ढाँचामा द्विपक्षीय सम्झौता हुनेछ।

(२) सम्झौताको दुई प्रति तयार गरी एक प्रति सम्वन्धित स्थानीय तहमा र एक प्रति शिक्षा विकास निर्देशनालयमा रहनेछ।

(३) दफा ७ बमोजिम छनोट भई सम्झौता गरिएका स्थानीय तहलाई कार्यक्रम कार्यान्वयन गरी अनिवार्य तथा निशुल्क शिक्षा घोषणा गर्नका लागि प्रस्तावसमेतलाई आधार मानि गाँउपालिकाको लागि रु २० लाख र नगरपालिकाको लागि रु २५ लाख सम्म अनुदानका रुपमा सम्झौता वमोजिम सम्वन्धित स्थानीय तहको खातामा रकम निकासा गर्ने ।

(४) स्वीकृत अनुदान बजेटको बढीमा ७० प्रतिशत पहिलो किस्तामा र बाँकी रकम अन्तिम किस्तामा निकासा गरिनेछ।

(५) कार्यक्रमको प्रगति प्रतिवेदन, सम्बन्धित क्षेत्रको प्राविधिकको प्रतिवेदन, खर्चको विल भरपाईहरुको प्रमाणित प्रतिलिपि र सम्झौतामा तोकिएको शर्त बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गरि प्रतिवेदनसहित आवश्यक कागजातहरु संलग्न गरी २०८४ असारको पहिलो हप्ताभित्र रकम निकासाका लागि माग गरी सक्नु पर्नेछ।

## परिच्छेद-३
## अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम सम्बन्धी घोषणा प्रक्रिया

९. **प्रक्रिया तथा आधारहरुः** अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाका प्रक्रिया तथा आधारहरु देहाय बमोजिम हुनेछन्:-

(क) घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी नाम नामेसी सहितको प्रोफाइल तयार गर्ने

(ख) पहिचान भएका बालबालिकाको प्रकृति अनुसार विभिन्न शैक्षिक कार्यक्रमहरुको व्यवस्था गरी पायक पर्ने विद्यालय/विशेष शिक्षा कक्षा/वैकल्पिक शिक्षा/अनौपचारिक तथा खुल्ला शिक्षामा भर्ना गराई नियमित पठनपाठनको व्यवस्था गर्ने,

(ग) सार्वजनिक विद्यालयले आधारभूत तहको शिक्षामा निःशुल्क शिक्षा भए नभएको एकिन गर्ने

(घ) विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय बाहिर नभएको र आधारभूत तहको शिक्षा सार्वजनिक विद्यालयमा निःशुल्क भएको वडा शिक्षा समितिको बैठकबाट सुनिश्चित गर्ने,

(ङ) विद्यालय बाहिर कुनै पनि बालबालिका नरहेको र निः शुल्क शिक्षा सुनिश्चित भए पश्चात् वडा शिक्षा समितिबाट सार्वजनिक कार्यक्रमको आयोजना गरी वडास्तरीय अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको घोषणा गर्ने,

(च) स्थानीय तहको सबै वडाहरुबाट अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा भए पश्चात् गाउँ/नगर शिक्षा समितिको निर्णय गरी सार्वजनिक कार्यक्रमको आयोजना गरेर स्थानीय तह स्तरीय अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने । सो सार्वजनिक कार्यक्रम सम्वन्धी अग्रिम जानकारी निर्देशनालयलाइ गराउने ।

५

१०. **निर्देशक समितिः** (१) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नीति, योजना निर्माण एवम् मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) सचिव, सामाजिक विकास हेर्ने मन्त्रालय -अध्यक्ष

(ख) निर्देशक समितिले मनोनय गरेको स्थानीय तहको शिक्षा शाखा प्रमुख सदस्य

(ग) निर्देशनालय रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख सदस्य

(घ) योजना तथा शिक्षा हेर्ने महाशाखा प्रमुख, मन्त्रालय सदस्य

(ङ) महानिर्देशक, निर्देशनालय -सदस्य सचिव

(२) समितिले आवश्यकतानुसार सम्बन्धित विषयको विज्ञ व्यक्ति सहित बढिमा ३ जनालाई आमन्त्रण गर्न सक्नेछ ।

(३) बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. समितिको काम, कर्तव्य र अधिकारः:** (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि नीति तथा योजना तर्जुमा गर्ने

(ख) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहसँग समन्वय र सहजीकरण गर्ने

(ग) अनुगमन तथा सहजीकरण गरी आवश्कयता अनुसार पृष्ठपोषण दिने ।

## परिच्छेद-४

## सम्बद्ध निकायहरुको भूमिका

**१२. मन्त्रालयको भूमिकाः** कार्यक्रम कार्यान्वयनका लागि स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गर्ने

(ख) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने

(ग) कार्यक्रमको प्रभावकारिताका लागि नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय सरकारसँग आवश्यक समन्वय गर्ने

(घ) कार्यक्रमको नतिजामुखी अनुगमन, मूल्याङ्कन र प्रभावकारिता अध्ययन सम्बन्धी कार्य गर्ने, गराउने

(ङ) कार्यक्रम सञ्चालनको क्रममा कुनै अष्पष्टता आएमा आवश्यक निर्देशन दिने

(च) कार्यक्रमको प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक निर्णय गर्ने ।

१३. **शिक्षा विकास निर्देशनालयको भूमिका:** कार्यक्रम कार्यान्वयनका लागि शिक्षा विकास निर्देशनालयको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्यविधि अनुसार सूचना प्रकाशन गरी स्थानीय तहबाट प्रस्ताव माग गर्ने

(ख) प्राप्त प्रस्तावको अध्ययन तथा मूल्याङ्कन गर्ने, गराउने

(ग) मूल्याङ्कन भएका प्रस्तावहरु प्राथमिकता सहित मूल्याङ्कन समितिमा पेस गर्ने

(घ) कार्यविधिमा निर्धारण भएको प्रावधान बमोजिम कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, सहजीकरण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने, गराउने ।

**१४. सामाजिक विकास कार्यालयको भूमिका:**

क) कार्यक्रम कार्यान्वयनका शिक्षा विकास निर्देनालयको निर्देशन अनुसार आवश्यक समन्वय र सहजीकरण गर्ने

ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन, सहजीकरण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने, गराउने

ग) आफ्नो सेवा क्षेत्र भित्र अनिवार्य तथा नि:शुल्क शिक्षाको कार्यान्वयनका लागि स्थानीय तह र अन्य सम्बन्धित संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने

घ) अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम कार्यन्वयनको लागि पेश भएका आवेदन निर्देशनालय पठाउने

ङ) मन्त्रालय र निर्देशनालयले तोकेका अन्य कार्यहरु गर्ने ।

**१५. शिक्षा विकास तथा समन्वय एकाइको भूमिका:**

(क) कार्यक्रम कार्यान्वयनका जिल्लाभित्रका स्थानीय आवश्यक समन्वय र सहजीकरण गर्ने

(ख) नियमित अनुगमन, सहजीकरण र प्रतिवेदन सम्बन्धी कार्य गर्ने, गराउने

(ग) आफ्नो सेवा क्षेत्र भित्र अनिवार्य तथा नि:शुल्क शिक्षाको कार्यान्वयनका लागि स्थानीय तह र अन्य सम्बन्धित संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने

(घ) मन्त्रालय र निर्देशनालयले तोकेका अन्य कार्यहरु गर्ने ।

**१६. स्थानीय तहको भूमिका:** कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ:-

(क) अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी नीति, योजना, कार्यक्रम तय गर्ने

(ख) निर्देशनालयवाट उपलव्ध हुने अनुदान र आफ्नो स्रोतवाट प्राप्त हुने वजेट प्रचलित कानून वमोजिम अनुसुची २ वमोजिमका शीर्षकमा वजेट वाडफाँट गरी स्वीकृत गर्ने

(ग) सम्बन्धित वडा समितिलाई आफ्नो वडाको क्षेत्रभित्रका बालबालिकाहरुको दफा ४ (क) अनुसारको विवरण वार्षिक रुपमा लिई अध्यावधिक गर्न लगाउने,

(घ) स्थानीय तहमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरुसँग समन्वय गर्ने,

(ङ) संघीय एवं प्रदेश सरकारका विषयगत मन्त्रालयहरु तथा अन्तर स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(च) सबै वडामा अनुसूची -३ मा उल्लेखित कार्यक्रमका क्षेत्रहरुलाई समेटी कार्यक्रम सञ्चालन गर्न स्रोत, साधनको परिचालन गर्ने गराउने,

(छ) वडा समिति मार्फत वडामा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्न सहजीकरण गर्ने,

(ज) सबै वडामा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा भए पश्चात् स्थानीय तह स्तरमा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने, गराउने,

(झ) कार्यक्रम कार्यान्वयनको अनुगमन/मूल्याङ्कन गरी सोको प्रतिवेदन स्थानीय तहमा पेस गर्ने।

**१७. वडा समितिको भूमिकाः** कार्यक्रम कार्यान्वयनका लागि वडा समितिको भूमिका देहाय बमोजिम हुनेछः-

(क) आफ्नो वडा भित्रका बालबालिकाहरुको दफा ४(क) अनुसारको विवरण वार्षिक रुपमा लिई अध्यावधिक गर्ने,

(ख) आफ्नो वडामा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम लागु गर्नका लागि आवश्यक कार्यक्रम, बजेटको व्यवस्था गर्ने,

(ग) स्थानीय तहबाट प्राप्त कार्यक्रमहरु विद्यालय मार्फत कार्यान्वयन गर्ने, गराउने,

(घ) आफ्नो वडामा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनको अनुगमन/मूल्याङ्कन गरी सोको प्रतिवेदन स्थानीय तह समक्ष पेस गर्ने ।

**१८. विद्यालयको भूमिकाः**

(क) आफ्नो सेवा क्षेत्र भित्रका बालबालिकाहरुको तथ्याङ्क सङ्कलन गरी अध्यावधिक गर्ने,

(ख) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम लागु गर्नका लागि निःशुल्क भर्ना गर्ने, मासिक र परीक्षा शुल्क नलिने र पाठ्यपुस्तक निःशुल्क वितरण गरी अन्य पक्षमा समेत शुल्क नलिने

(ग) आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने,

(घ) स्थानीय तह, वडा समितिबाट प्राप्त कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम सम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी स्थानीय तह समक्ष पेस गर्ने।

## परिच्छेद-५
## कार्यक्रम सञ्चालन विधि र पालना गर्नुपर्ने शर्तहरू

१९) प्रचलित कानून अनुसार खर्चको नर्म्स प्रयोग गरी निर्देशनालयले बजेटको सीमाभित्र रही सम्झौता अनुसारका कार्यक्रमहरु सञ्चालन गर्नु गराउनु पर्नेछ।

२०) सम्झौता अनुरुपको कार्य सुरु भए पश्चात् निर्देशनालयले सम्झौतामा उल्लेख भए बमोजिम रकम स्थानीय तहको खातामा निकासा दिइनेछ।

२१) स्थानीय तहको उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा सम्बन्धित वडाको वडाध्यक्ष सहित बढीमा पाँच जना सदस्यहरु रहने गरी एक अनुगमन समिति गठन गर्नुपर्नेछ। यस समितिले अनुगमन योजना बनाई नियमित रूपमा पृष्ठपोषण दिने र कार्यसम्पन्न प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नु पर्नेछ।

२२) २०८४ को असारको पहिलो हप्तासम्म कार्यसम्पन्न गरी बाँकी रकम माग गर्दा निम्न कागजातहरू पेस गर्नुपर्नेछः-

(क) सञ्चालन गरिएको कार्यक्रमको माइन्युट, बिल भरपाई,

(ख) अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाको माइन्युट,

(ग) विद्यालय सेवा बाहिर भई औपचारिक शिक्षामा प्रवेश भएका विद्यार्थीको नाम नामेसी विवरण सहितको अभिलेख।

(घ) सञ्चालन भएका क्रियाकलापहरू र खरिद गरी स्थापना गरिएको सामानहरूको फोटो,

(ङ) कार्य सम्पन्न गर्दा गरेको सम्पूर्ण कामको रकम सहितको कार्य सम्पन्न प्रतिवेदन ।

२३। सम्झौतामा उल्लिखित शर्तको अधीनमा रही कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

## परिच्छेद-६
## विविध

२४) **विवरण पठाउनु पर्ने:** सम्बन्धित स्थानीय तहले अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी भए गरेका सम्पूर्ण कार्यक्रमको विवरण शिक्षा विकास निर्देशनालय र स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयमा पठाउनु पर्नेछ।

२५) **खर्च व्यवस्थापन:** कार्यक्रम सञ्चालनका लागि मापदण्ड तयारी, बैठक तथा सूचना प्रकाशन लगायतका व्यवस्थापकीय कार्यमा भएको अत्यावश्यक खर्च सम्बन्धित कार्यक्रम शीर्षकबाट व्यवस्थापन गर्न सकिनेछ ।

२६) **लेखा तथा लेखापरीक्षण:** अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यक्रम कार्यान्वयन अनुदान बापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नुपर्नेछ र लेखापरीक्षण प्रचलित कानुनबमोजिम गर्नु पर्नेछ ।

२७) **सरकारी बाँकी सरह असुलउपर:** अनिवार्य तथा नि:शुल्क शिक्षा अनुदान प्राप्त गर्ने स्थानीय तहले सम्झौतामा तोकिएको शर्त विपरीत कार्य गरेमा वा कार्य सम्पन्न नगरी बिचमा कार्य छाडेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२८) **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयमा प्रचलित कानूनबमोजिम हुनेछ। साथै विगत वर्षहरुमा अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

२९) **कार्यविधि संशोधन तथा परिमार्जन:** यस कार्यविधिमा उल्लेख भएका विषयहरूमा आर्थिक दायित्व पर्ने विषय क्षेत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## अनुसूची -१
(दफा ४ (क) र दफा ५(क) सँग सम्बन्धित

प्रस्तावको ढाँचा

१) स्थानीय तहको नाम: जिल्ला प्रदेश

ठेगाना:- ईमेल ठेगाना मोवाइल न

२) स्थानीय तहको संक्षिप्त परिचय:

३) वि.सं. २०७८ सालको राष्ट्रिय जनगणना अनुसार निम्न उमेर समूहको जनसंख्या विवरण

| क.स. | उमेर समूह | केटी | केटा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०-३ वर्ष उमेर पूरा भएको | | | | |
| २ | ४ वर्ष उमेर पुरा भएको | | | | |
| ३ | ५-९ वर्ष उमेर पूरा भएको | | | | |
| ४ | १०-१२ वर्ष उमेर पूरा भएको | | | | |

४) शैक्षिक सत्र २०८२ मा सम्वन्धित स्थानीय तहको शैक्षिक सूचकहरुको विवरण

| क.स. | उमेर समूह | सहजै देखिने भर्ना दर GER | खुद भर्ना दर NER | कैफियत |
|---|---|---|---|---|
| १ | बालविकास शिक्षा | | | |
| २ | आधारभूत तह कक्षा १ – ५ | | | |
| ३ | आधारभूत तह कक्षा ६ – ८ | | | |
| ४ | आधारभूत तह कक्षा १-८ | | | |

५) विद्यार्थी विवरण (२०८३ को Integrated Educational Management Information System, IEMIS का आधारमा)

क) प्रारम्भिक बालविकास तथा शिक्षा (ECD)

| ४ वर्षभन्दा कम उमेर समूह | | | ४ वर्ष उमेर पूरा भएका | | | ५ वर्षभन्दा माथिल्लो उमेरका | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| | | | | | | | | | |

ख) आधारभूत तह (कक्षा १-५)

| ५ वर्ष उमेर समूहका | | | ५-९ वर्ष उमेर समूहका | | | ९ वर्षभन्दा माथिल्लो उमेर समूहका | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| | | | | | | | | | |

ग) आधारभूत तह (कक्षा ६-८)

| ९ वर्ष भन्दा कम उमेर समूहका | | | १०-१२ वर्ष उमेर समूहका | | | १२ वर्षभन्दा माथिल्लो उमेर समूहका | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| | | | | | | | | | |

६. लागत साझेदारी सम्बन्धी विवरण

| क्र.सं | लागत साझेदारी गर्न चाहेको क्षेत्र | व्यहोर्न चाहेको रकम रु | प्राविधिक सहयोग | कैफियत |
|---|---|---|---|---|
| | | | | |

पुनश्चः लागत साझेदारी गर्न चाहेको कार्यक्रमको क्षेत्र अनुसूची -२ बमोजिमको क्षेत्रलाई समेटेर राख्नु पर्नेछ ।

७. अनिवार्य तथा निशुल्क शिक्षा घोषणा कार्यान्वयन कार्ययोजना अनुसूची -२ का क्रियाकलापहरु समावेश हुने गरी वनाउने)

| क्र स | प्रस्तावित कार्यक्रम (के गर्ने) | समय सीमा (कहिले गर्ने) | अनुमानित वजेट (कति लागत) | वजेटको स्रोत (प्रदेश / स्थानीय सरकार / अन्य सङ्घ सस्था) | जिम्मेवार निकाय/ सस्था/ शाखा/ व्यक्ति (को) | अनुगमन सूचक | कै |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

**कार्यक्रम सञ्चालन गर्दा आर्थिक साझेदारी बाहेक आवश्यकता अनुसार अन्य क्षेत्रमा साझेदारी गर्ने भएमा प्राविधिक सहयोग गर्ने भनी सो शब्द नै उल्लेख गर्नु पर्नेछ ।**

**माथि उल्लेखित विवरण ठिक छ**

<u>तयार गर्नेः</u>

शिक्षा महाशाखा/शाखा प्रमुख

<u>प्रमाणित गर्नेः</u>

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावसँग देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।

- **सम्बन्धित स्थानीय** तहको कार्यपालिकाले कार्यक्रमको प्रस्ताव पेश गर्ने व्यहोरा भएको निर्णयको प्रतिलिपि
- अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गर्ने सम्बन्धित स्थानीय तहको प्रतिबद्धता सहितको निर्णय/पत्र
- १५-५९ उमेर समूहका निरक्षर नागरिकको विवरण
- सम्वन्धित स्थानीय तहको इमिस रिपोट कार्ड

<u>कार्यालयको छाप</u>

## अनुसूची -२
### दफा ४ (घ) सँग सम्वन्धित
### प्रस्तावित कार्यक्रमको क्षेत्रहरु

क) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी प्रचारप्रसार तथा घरदैलो अभियान

ख) विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत संकलन (फाराम छपाई, कम्प्यूटर प्रविष्टि, प्रतिवेदन लगायत) गरी नाम नामेसी सहित प्रोफाइल तयार गर्ने

ग) विद्यालय बाहिर रहेका बालबालिकाहरु विद्यालयमा आई भर्ना भएकालाई विद्यालय पोशाक, झोला लगायत आवश्यक पर्ने सम्पूर्ण स्टेशनरी लगायतका सहायता

घ) विशेष आवश्यकता/अटिजम भएका बालबालिकाहरुको शिक्षाका लागि सहयोग कार्यक्रम (छात्राबास र वैकल्पिक सिकाइ कार्यक्रमलगायत)

ङ) निःशुल्क शिक्षा कायम गर्न विद्यालयहरुको लागि शिक्षण सिकाइ अनुदान सहयोग

च) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि योजना तर्जुमा, कार्यान्वयन अवस्था र प्रगति समीक्षा बैठक (वडा र स्थानीय तहस्तरमा)

छ) कार्यक्रम कार्यान्वयनका लागि समन्वय, अनुगमन, सहजीकरण र व्यवस्थापन

ज) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन भएको स्थानीय तहको सुनिश्चचता सम्बन्धी कार्य ।

## अनुसूची - ३

### दफा ८ को उपदफा (१) सँग सम्बन्धित

### सम्झौता पत्र

शिक्षा विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडा (यसपछि प्रथम पक्ष भनिएको) र ........................जिल्लाको ........................................ गाउँपालिका/नगरपालिका (यसपछि द्वितीय पक्ष भनिएको) बिच अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम सञ्चालनका लागि तपसिलका शर्तहरू पालना गर्ने गरी यो सम्झौता गरिदियौं/लियौं ।

क. प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरुः-

१. सम्झौता अनुसारको कार्यक्रम सञ्चालनका लागि तहाँ स्थानीय तहलाई अधिकतम रु. ............ अनुदान उपलब्ध गराइनेछ ।

२. स्थानीय तहलाई कार्यक्रम सञ्चालनका लागि सम्झौता भए पश्चात् रकम स्थानीय तहको खातामा अनुदान निकासा दिइनेछ।

३. तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा वा कार्य अधुरो गरेको पाइएमा सम्पुर्ण रकम फिर्ता गर्नुपर्नेछ ।

४. सम्झौता विपरीत कार्य गरेको पाइएमा प्रथम पक्षले जुनसुकै बेला यो सम्झौता रद्द गर्नेछ । सम्झौता रद्द भएमा दिइएको अनुदान रकम सम्बन्धित स्थानीय तहबाट फिर्ता गर्नु पर्नेछ ।

ख. दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरूः-

१. उल्लेखित अनुदान रकम दोस्रो पक्षले निम्न शीर्षकमा खर्च गर्नु पर्नेछः-

क. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी प्रचारप्रसार तथा घरदैलो अभियान

ख. विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत संकलन (फाराम छपाई, कम्प्यूटर प्रविष्टि, प्रतिवेदन लगायत) गरी नाम नामेसी सहित प्रोफाइल तयार गर्ने

ग. विद्यालय बाहिर रहेका बालबालिकाहरु विद्यालयमा आई भर्ना भएकालाई विद्यालय पोशाक, झोला लगायत आवश्यक पर्ने सम्पूर्ण स्टेशनरी लगायतका सहायता

घ. विशेष आवश्यकता/अटिजम भएका बालबालिकाहरुको शिक्षाका लागि सहयोग कार्यक्रम (छात्राबास र वैकल्पिक सिकाइ कार्यक्रमलगायत)

ङ. निःशुल्क शिक्षाका लागि विद्यालयहरुको लागि शिक्षण सिकाइ अनुदान सहयोग

च. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि योजना तर्जुमा, कार्यान्वयन अवस्था र प्रगति समीक्षा बैठक (वडा र स्थानीय तहस्तरमा)

छ. कार्यक्रम कार्यान्वयनका लागि समन्वय, अनुगमन, सहजीकरण र व्यवस्थापन

ज. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन भएको स्थानीय तहको सुनिश्चचता सम्बन्धी कार्य ।

२. सम्बन्धित शीर्षकमा छुट्याइएको रकम सम्बन्धित शीर्षकमा नै खर्च गर्नुपर्नेछ। तोकिएको शीर्षकमा तोकिएको रकम अपुग भई थप गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहले नै व्यवस्थापन गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले २०८४ साल जेठ मसान्त भित्र अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाको कार्य सम्पन्न गरी असार पहिलो हप्तामा कार्यक्रम सम्पन्न प्रतिवेदन अनिवार्य रुपमा पेस गरिसक्नुपर्नेछ।

४. स्थानीय तहले सम्झौता भएको सात दिनभित्र कार्य प्रारम्भ गर्नु पर्नेछ ।

५. बुँदा न. १ अनुसारका कार्यक्रमको कार्ययोजना निर्माण गरी स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ ।

६. प्रभावकारी रूपमा कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ ।

७. स्थानीय तहको उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा सम्बन्धित वडाको वडाध्यक्ष सहित आवश्यक संख्यामा सदस्यहरु रहने गरी एक अनुगमन समिति गठन गर्नु पर्नेछ। यस समितिले अनुगमन योजना बनाई नियमित रूपमा पृष्ठपोषण दिने र कार्यसम्पन्न प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नु पर्नेछ ।

८. स्थानीय तहले कार्यक्रम सञ्चालन पूर्वको अवस्था र कार्यक्रम सम्पन्न भए पश्चात्को अवस्थाको विश्लेषण गरी कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन गरी अन्तिम प्रतिवेदन प्रथम पक्ष समक्ष पेस गर्नु पर्नेछ ।

९. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक खरिद ऐन, नियमावली तथा कार्यविधिअनुसार गर्नुगराउनुपर्नेछ ।

१०. खरिद भएका सामग्रीको जिन्सी दाखिला गर्ने, सामग्रीको उपयोग तथा सोको रेखदेख र उचित मर्मत सम्भार गर्ने कार्य स्वतः विद्यालयको ह ।

११. कार्य सम्पन्न प्रतिवेदनका साथ देहाय अनुसारका कागजातहरू पेस गर्नु पर्नेछः-

- सञ्चालन गरिएको कार्यक्रमको माइन्युट
- अनिवार्य तथा निःशुल्क शिक्षा घोषणाको माइन्यूटको प्रमाणित प्रतिलिपि
- सञ्चालन भएका क्रियाकलाप र खरिद गरी दाखिला गरिएका सामानहरूको विवरण
- कार्य सम्पन्न गर्दा गरेको सम्पूर्ण क्रियाकलापहरु समावेश गरी शीर्षकगत यथार्थ खर्च भएको रकम सहितको कार्य सम्पन्न प्रतिवेदन
- समग्र प्रतिवेदन ।

## सम्झौता गर्ने व्यक्तिहरू

शिक्षा विकास निर्देशनालयको तर्फबाटः

१. महानिर्देशकको नामः

हस्ताक्षर.................................

२. योजना हेर्ने महाशाखा/शाखा प्रमुख

नामः

हस्ताक्षर

स्थानीय तहको तर्फबाटः

१ प्रमुख प्रशासकीय अधिकृतको नामः

हस्ताक्षर..............................

२. शिक्षा शाखा/ महाशाखा प्रमुखको

नाम

हस्ताक्षर

कार्यालयको छापः

सम्झौता सम्पन्न भएको मितिः ................ /...../.....